नेपाली राजदूतावास
टोकियो, जापान
Embassy of Nepal
Tokyo, Japan

प्रेस बिज्ञप्ति

नेपाल एयरलाइन्सको नेपाल-जापान सिधा उडानको पहिलो उडान सम्बन्धमा आज कान्साई इन्टरनेशनल एयरपोर्ट ओसाका जापानमा एक समारोहको आयोजना गरियो । उक्त समारोहमा संस्कृति,पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्री माननीय धन बहादुर बुढा, जापानका लागि नेपाली राजदूत महामहिम प्रतिभा राणा, जापान सरकारको तर्फबाट कान्साई एम्वास्डर जोता यामामोतो र कान्साई एयरपोर्टका कर्पोरेट एक्जुकेटीभ भाइस प्रेसिडेन्ट ग्रेगरी जामेतले संयुक्त रुपमा रिबन काटी नेपाल एयरलाइन्सको पहिलो उडानको उदघाटन गर्नु भएको थियो।

उक्त समारोहलाई सम्बोधन गर्दै महामहिम राजदूतज्यूले नेपाल र जापान बीच सुमधुर सम्बन्ध रहदै आएको र दुई देशका जनता बिच रहेको घनिष्ठ सम्बन्ध झन बढी सबल हुदै गैरहेको उल्लेख गर्दै जापानी मित्रहरुले पनि नेपाललाई माया गर्ने र नेपालको प्राकृतिक सुन्दरता तथा हिमाल आरोहण गर्न उत्सुक रहेकोमा नेपाल एयरलाइन्सको सिधा उडानबाट धेरै भन्दा धेरै जापानीहरु नेपाल भ्रमण गर्ने कुरामा आफु बिश्वस्त रहेको कुरा ब्यक्त गर्नु भयो।

नेपाल एयरलाइन्स तथा सबै जापान बस्ने नेपालीहरुलाई बधाई दिदै थोरै समयमा र कम मुल्यमा आफ्नो राष्ट्रिय ध्वजाबाहकबाट उडान गरी सहयोग गर्न पनि अनुरोध गर्नु भयो।

नेपाल र जापान बीच सिधा हवाई सम्पर्क स्थापना गर्न आफूले कडा मिहनेत गरेको उल्लेख गर्दै यस कार्यमा सहयोग गर्ने सबै निकायहरुलाई धन्यवाद पनि ज्ञापन गर्नु भयो। साथै टोकियोसंग पनि हवाई सम्पर्क गराउन आफू कटिबध्द रहेको जानकारी गराउनु भयो।

साथै पहिलो उडानको भब्य समारोह आयोजना गर्न सहयोग गर्ने कान्साई एयरपोर्ट अथोरिटी तथा कर्मचारीहरुलाई धन्यवाद दिदै नेपाल एयरलाइन्सको सफलता र प्रगतिको कामना गर्नु भएको थियो।

सो समारोहमा यामामोतो र ग्रेगरीले पनि बधाई तथा शुभकामना ब्यक्त गर्नु भयो।

यस अघि महामहिम राजदूतज्यूले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै पहिलो उडानबाट आउनु भएका माननीय राज्यमन्त्रीज्यूलाई फुलको गुच्छा दिई स्वागत गर्नु भएको थियो।

ओसाकामा आउनु भएको महामहिम राजदूतज्यूको स्वागत गर्दै एन. आर. एन. ओसाकाले हिजो बेलुका एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो।

आज बेलुका नेपाली राजदूतावास, नेपाल पर्यटन बोर्ड र नेपाल एयरलाइन्सले संयुक्त रुपमा आयोजना गरेको Destination Promotion Program मा मा. राज्यमन्त्री लगायत नेपाली प्रतिनिधि मण्डलका सदस्यहरुको उपस्थिति रहने छ।

मितिः २०७६।५।१२